# परीक्षा गतिविधि

परीक्षा नियन्त्रण कार्यालयको चौमासिक वुलेटिन

वर्षः (आ.व. २०७४/७५) प्रथम चौमासिक अङ्क १


## सम्पादकीय

परीक्षा नियन्त्रण कार्यालयबाट सम्पादन भएका विविध गतिविधि समेटेर चौमासिक रूपमा प्रकाशन हुँदै आएको पहिलो चौमासिक वुलेटिन प्रकाशनमा आएको छ । परीक्षा र यससँग सम्बन्धित विभिन्न गतिविधिहरू सबै सरोकारवालाहरूसम्म पुऱ्याँउनका लागि चौमासिक वुलेटिन एक सशक्त माध्यम हुने विश्वास गर्न सकिन्छ ।

यस अङ्कमा परीक्षा नियन्त्रण कार्यालयले २०७४ साउनदेखि २०७४ कार्तिकसम्म सम्पादन गरेका कार्यहरूको विवरण, सूचना र परीक्षासँग सम्बन्धित जानकारीहरूका अतिरिक्त २०७४ सालको एक्जाम्टेड एवं ग्रेडवृद्धि परीक्षाका नतिजालाई सारांशको रूपमा समावेश गरिएको छ ।

यस अङ्कमा समावेश गरीएका सामग्रीहरू परीक्षासँग सम्बन्धित सरोकारवालाहरू, परीक्षा सम्बन्धमा चासो राख्ने सर्वसाधारणका साथै परीक्षा सम्बन्धमा अध्ययन गर्ने अध्येताहरूलाई समेत उपयोगी हुने अपेक्षा गरिन्छ । यस वुलेटिनलाई स्तरीय, पठनीय र सर्वोपयोगी बनाउन प्राप्त हुने रचनात्मक सुझाव र सल्लाह परीक्षा नियन्त्रण कार्यालय सदैव सकारात्मक रूपमा ग्रहण गरी आगामी अङ्कमा सुधार गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछ ।

## विषयवस्तुहरुः


१) अभिलेख संशोधन तथा प्रमाणीकरण
२) रजिष्ट्रेशन फाराम भर्ने सम्बन्धी सूचना प्रकाशन
३) परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना प्रकाशन
४) माध्यमिक शिक्षा परीक्षा २०७३ को पूरक ग्रेड वृद्धि परीक्षा सञ्चालन
५) माध्यमिक शिक्षा परीक्षा २०७३ को पूरक ग्रेड वृद्धि परीक्षाको अनुगमन
६) माध्यमिक शिक्षा परीक्षा (प्राविधिक धार) २०७३ को पूरक ग्रेड वृद्धि परीक्षाको नतिजा प्रकाशन
७) अभिलेख संशोधन तथा प्रमाणिकरण
८) Software Installation and application सम्बन्धी तालिम सम्पन्न
९) माध्यमिक शिक्षा परीक्षा २०७३ को ग्रेड बृध्दि परीक्षाको नतिजा प्रकाशन
१०) माध्यमिक शिक्षा परीक्षा (कक्षा - १०) को एक्जाम्टेड आवेदन फारम भर्ने सम्बन्धी सूचना प्रकाशन
११) माध्यमिक शिक्षा परीक्षा (एक्जाम्टेड समूह) २०७३ को पूरक ग्रेड वृद्धि परीक्षाको नतिजा प्रकाशन
१२) परीक्षा नियन्त्रण कार्यालयको सूचना


### १) अभिलेख संशोधन तथा प्रमाणिकरण

परीक्षा नियन्त्रण कार्यालयले रजिष्ट्रेशन गर्ने, परीक्षा आवेदन भराउने, परीक्षा सञ्चालन र परीक्षा नतिजा प्रकाशनका अतिरिक्त नियमित रूपमा मूल प्रमाणपत्र, लब्धाङ्कपत्र तथा अन्य प्रमाणपत्रहरूको प्रमाणीकरण गर्ने, ती प्रमाणपत्रहरूको सत्यापन गर्ने र प्रमाणपत्र जारी गर्दा प्रमाणपत्रमा भएका त्रुटिहरूलाई सच्याउने कार्य समेत गर्दछ । यसका साथै विभिन्न निकाय तथा व्यक्तिबाट माग भए वमोजिम नाम, थर र जन्म मिति प्रमाणिकरण गर्ने र प्रमाणपत्रका प्रतिलिपि जारी गर्नेसमेत कार्य नियमित रूपमा सम्पादन गर्दै आइरहेको छ ।

### २) रजिष्ट्रेशन फाराम भर्ने सम्बन्धी सूचना प्रकाशन

चालू शैक्षिक सत्रमा कक्षा ९ मा अध्ययन गरिरहेका छात्र छात्राहरू र खुला तथा अनौपचारिक प्रौढ विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई २०७५ सालको माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) मा समावेश हुनका लागि परीक्षा रजिष्ट्रेशन फाराम भराई २०७४ भाद्र २५ गतेभित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा वुझाउन सूचना प्रकाशित गरियो । रजिष्ट्रेशन फारामका साथ वि. सं. २०७३ साल वा सो भन्दा अगाडि निम्नमाध्यमिक परीक्षा (कक्षा-८) उत्तीर्ण परीक्षाको प्रमाणपत्र र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने ।

### ३) परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना प्रकाशन

चालू शैक्षिक सत्रमा कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूलाई वि.सं. २०७४ सालमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) मा सम्मिलित हुनका लागि २०७४ भाद्र १८ गतेभित्र फाराम भराई मिति २०७४ भाद्र २५ गतेभित्र जिल्ला शिक्षा कार्यालयहरूमा बुझाउन सम्बन्धित सबै विद्यालय, खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयहरूलाई सूचना प्रकाशित गरियो । उक्त सूचनामा जिल्ला

शिक्षा कार्यालयहरूले प्राप्त फारामहरूको समष्टीगत तयार गरी जिशिका प्रति र विद्यार्थी प्रति जिल्ला शिक्षा कार्यालयमा राखी प्रमाणित गरी मिति २०७४ कार्तिक १५ गते भित्र परीक्षा नियन्त्रण कार्यालयमा आई पुग्ने गरी पठाउन सूचित गरियो ।

### ४) माध्यमिक शिक्षा परीक्षा २०७३ को पूरक ग्रेडवृद्धि परीक्षा सञ्चालन

वि.सं. २०७३ साल चैत्र महिनामा सञ्चालन गरिएको माध्यमिक शिक्षा परीक्षा-२०७३ परीक्षामा सम्मिलित भै अपेक्षित ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थीहरूका लागिग्रेडवृद्धिपरीक्षा २०७४ साउन १९ गतेदेखि २६ गतेसम्म सञ्चालन भयो । उक्त परीक्षामा देशभरबाट १ लाख ३४ हजार ७५६ परीक्षार्थीहरू समावेश भएका थिए । त्यसमध्ये छात्राहरूको संख्या ७४ हजार ७७७ (५५.४९ड्ड) थियो ।

### ५) माध्यमिक शिक्षा परीक्षा २०७३ को पूरकग्रेडवृद्धिपरीक्षाको अनुगमन

माध्यमिक शिक्षा परीक्षा २०७३ को ग्रेडवृद्धि परीक्षा २०७४ साउन १९ गतेदेखि २६ गतेसम्म ७५ ओटै जिल्लाका सदरमुकाममा परीक्षा केन्द्र कायम गरी सञ्चालन गरियो । उक्त परीक्षाको अनुगमन शिक्षा मन्त्रालय, शिक्षा विभाग, परीक्षा नियन्त्रण कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयबाट समेत भयो । परीक्षाको अनुगमन उल्लेखित मन्त्रालय, विभाग र कार्यालयका पदाधिकारीहरूका साथै जिल्ला परीक्षा समन्वय समितिका पदाधिकारीहरूबाट समेत भएको थियो ।

### ६) माध्यमिक शिक्षा परीक्षा (प्राविधिक धार) २०७३ को पूरक ग्रेडवृद्धि परीक्षाको नतिजा प्रकाशन

मिति २०७३ साल चैत्र महिनामा सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षा (प्राविधिक तर्फ) को नतिजा मिति २०७४ साल असार २० गतेका दिन प्रकाशन भयो । उक्त परीक्षामा २१६७ छात्र र १४११ छात्रा गरी जम्मा ३५७८ जना परीक्षार्थी सहभागी भएकोमा ३५०६ जना परीक्षार्थीको नतिजा यस प्रकार छ ।

माध्यमिक शिक्षा परीक्षा २०७३ (प्राविधिक धार) को नतिजा विवरण

| S. N. | GPA Range | Total | % | Boy | Girl |
|---|---|---|---|---|---|
| | | 3506 | | 2167 | 1411 |
| 1 | 3.64 - 4 | 139 | 3.96 | 100 | 39 |
| 2 | 3.24 - 3.60 | 627 | 17.88 | 406 | 221 |
| 3 | 2.84 - 3.20 | 1199 | 34.20 | 711 | 488 |
| 4 | 2.44 - 2.80 | 1136 | 32.40 | 664 | 472 |
| 5 | 2.04 - 2.40 | 369 | 10.52 | 215 | 154 |
| 6 | 1.64 - 2.00 | 35 | 1.00 | 19 | 16 |
| 7 | 1.24 - 1.60 | 1 | 0.03 | 1 | 0 |
| 8 | 0.84 - 1.20 | 0 | 0.00 | 0 | 0 |
| 9 | 0.00 - 0.80 | 0 | 0.00 | 0 | 0 |

प्रकाशित नतिजा अनुसार GPA 2.84 - 3.20 प्राप्त गर्ने परीक्षार्थीको प्रतिशत सबैभन्दा बढी (३४.२०%) रहेको छ भने सबैभन्दा माथिल्लो ग्रेड प्राप्त गर्नेको प्रतिशत करिब ४ रहेको छ ।

### ७) अभिलेख संशोधन तथा प्रमाणिकरण

परीक्षा नियन्त्रण कार्यालयले नियमितरूपमा मूल प्रमाणपत्र, लब्धाङ्कपत्र तथा अन्य प्रमाणपत्रहरूको प्रमाणिकरण गर्ने, ती प्रमाणपत्रहरूको सत्यापन गर्ने र प्रमाणपत्र जारी गर्दा प्रमाणपत्रमा भएका त्रुटिहरूलाई सच्याउने कार्य गरेको थियो । यसका साथै विभिन्न निकाय तथा व्यक्तिबाट माग भए वमोजिम नाम, थर र जन्म मिति प्रमाणिकरण गर्ने र प्रमाणपत्रका प्रतिलिपि जारी गर्ने समेत कार्य नियमित रूपमा सम्पादन गर्दै आईरहेको छ ।

### ८) Software Installation and application सम्बन्धी तालिम सम्पन्न

परीक्षा नियन्त्रण कार्यालयको आयोजनामा परीक्षार्थीहरूको रजिष्ट्रेशन र परीक्षा फाराम भर्न/भराउन सहज गराउने उद्देश्यले जिल्ला शिक्षा कार्यालयका परीक्षा शाखाका परीक्षा हेर्ने शाखा अधिकृत/प्राविधिक सहायक र कम्प्युटर अपरेटर, क्षेत्रीय शिक्षा निर्देशनालयका तथ्याङ्क हेर्ने अधिकृत र राष्ट्रिय परीक्षा बोर्डका तथ्याङ्क हेर्ने अधिकृतका लागि विराटनगर, धुलिखेल र नेपालगञ्ज गरी ३ स्थानमा सफटवेयरमा परीक्षार्थीको रजिष्ट्रेशन फाराम र आवेदन फाराम प्रविष्टि कार्यशाला सम्पन्न भयो । उक्त कार्यशाला सञ्चालनपश्चात् सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूले २०७४ सालको रजिष्ट्रेशन फाराम उक्त सफ्टवेयरमा प्रविष्टि गर्ने काम भइरहेको छ । यस कार्यबाट परीक्षाका कामहरू सहज हुने र त्रुटि कम हुने अपेक्षा गरिएको छ ।

उक्त कार्यशाला पश्चात् माध्यमिक शिक्षा परीक्षा २०७४ मा सहभागी हुने परीक्षार्थीहरूका लागि परीक्षा आवेदन फाराम र २०७५ मा सहभागी हुने परीक्षार्थीहरूका लागि रजिष्ट्रेशन फाराम भराउने काम भै रहेको छ । सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूले जिल्ला स्थित सबै माध्यमिक विद्यालयहरूका लागि आवश्यक फारामहरू वितरण गरेका छन् । विद्यालयहरूले उक्त फारामहरू निर्धारित समयमा नै भराई सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा बुझाउने र जिल्ला शिक्षा कार्यालयले वि. सं. २०७४ पुष १० गतेभित्र परीक्षा नियन्त्रण कार्यालयमा पठाउने व्यवस्था गरिएको छ ।

**कार्यशाला सञ्चालन स्थान, मिति र सहभागी जिल्लाको विवरण**

| स्थान | सञ्चालन मिति | प्रदेश नं. | सहभागी जिल्ला शिक्षा कार्यालयहरू |
|---|---|---|---|
| विराटनगर | २०७४ भाद्र १२ र १३ गते (२६ जना सहभागी) | १ | पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर |
| | | २ | सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, राष्ट्रिय परीक्षा बोर्ड कार्यालय (विराटनगर, लाहान, जनकपुर) र क्षेत्रीय शिक्षा निर्देशनालय पूर्वाञ्चल |
| नेपालगञ्ज | २०७४ भाद्र १६ र १७ गते (२७ जना सहभागी) | ५ | रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया |
| | | ६ | रूकुम, सल्यान, जुम्ला, मुगु, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत |
| | | ७ | बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कैलाली, कञ्चनपुर र राष्ट्रिय परीक्षा बोर्ड कार्यालय (दाङ, कोहलपुर, धनगढी र डडेल्धुरा) साथै मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय |
| धुलिखेल | २०७४ भाद्र २० र २१ गते (३२ जना सहभागी) | ३ | दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर र काठमाडौं |
| | | ४ | गोरखा, लम्जुङ, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, म्याग्दी, बागलुङ, |
| | | ५ | नवलपरासी, रूपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, राष्ट्रिय परीक्षा बोर्डका कार्यालय (हेटौंडा, काठमाडौं, पोखरा, बुटवल), र क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल तथा पश्चिमाञ्चल |

## ९) माध्यमिक शिक्षा परीक्षा २०७३ को ग्रेड बृध्दि परीक्षाको नतिजा प्रकाशन

परीक्षा नियन्त्रण कार्यालयले मिति २०७३ चैत्र ३ गतेदेखि १६ गतेसम्म सञ्चालन गरेको माध्यमिक शिक्षा परीक्षा २०७३ मा न्यून ग्रेड प्राप्त गरेका विद्यार्थीहरूका लागि मिति २०७४ श्रावण १९ गतेदेखि २६ गतेसम्म पूरक ग्रेड बृध्दि परीक्षा सञ्चालन भएको थियो । उक्त परीक्षाको नतिजा मिति २०७४ असोज ८ गतेका दिन प्रकाशित भयो । जम्मा १ लाख ३४ हजार ७५६ परीक्षार्थीहरू सम्लग्न भएमा परीक्षामा छात्राहरूको सहभागिता ७४ हजार ७७७ (५५.४९%) थियो । जम्मा सहभागी परीक्षार्थीहरूमध्ये ३ लाख २७ हजार ६२२ (८३.५७%) विद्यार्थीहरूको विभिन्न विषयमा ग्रेड बृध्दि भएको थियो ।

विभिन्न ३३ विषयमा परीक्षामा सम्मिलित परीक्षार्थीको संख्या हेर्दा परीक्षा दिने परीक्षार्थीहरूको चाप अनिवार्य विषयमा भएको तथ्याङ्कले देखाउँछ । त्यसमध्ये सबैभन्दा बढी परीक्षार्थी अनिवार्य विषयहरू क्रमशः अनिवार्य गणित (३०.५५%), अनिवार्य सामाजिक (१७.३३%), अनिवार्य विज्ञान (१६.९६%) र अनिवार्य अङ्ग्रेजी (१२.८०%) मा परीक्षा दिएको तथ्याङ्कले देखाउँछ ।

## १०) माध्यमिक शिक्षा परीक्षा (कक्षा – १०) को एक्जाम्टेड आवेदन फारम भर्ने सम्बन्धी सूचना प्रकाशन

परीक्षा नियन्त्रण कार्यालयले राष्ट्रिय परीक्षा बोर्डको प्रत्यायोजित अधिकार बमोजिम २०७४ सालमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) को परीक्षामा सम्मिलित हुन एक्जाम्टेड समूह तर्फका विद्यार्थीहरूका लागि परीक्षा फाराम भरी वुझाउन सूचना प्रकाशित गरियो । उक्त परीक्षामा, विगतमा सञ्चालन भएको एसएलसी परीक्षामा अनुतीर्ण भएका र बीचैमा परीक्षा छोडेका परीक्षार्थीहरू, सहभागी हुन पाउने छन् । परीक्षा फाराम भर्नकालागि पासपोर्ट साइजको ३ प्रति फोटो र अन्य आवश्यक कागजात सहित मिति २०७४ मंसिर १२ गतेभित्र फाराम भरी सम्बन्धित विद्यालयमा वुझाउनुपर्ने । विद्यालयले २०७४ मंसिर १५ गतेभित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा वुझाउनुपर्ने र जिल्ला शिक्षा कार्यालयले प्राप्त भएका फारामहरू स्वीकृत गरी मिति २०७४ पुष १० गतेभित्र

परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनुपर्ने व्यहोरा सूचनामा उल्लेख गरिएको थियो ।

**परीक्षा फारामसँग समावेश गर्नुपर्ने कागजातहरु**

१) रजिष्ट्रेशन स्लिपको प्रतिलिपि (अनिवार्य रूपमा पेश गर्नु पर्ने),
२) परीक्षामा अनुत्तीर्ण भएको भए लव्धाङ्क पत्रको प्रतिलिपि,
३) अक्षराङ्कन प्रणाली अन्तर्गतकाग्रेडवृद्धि गर्न चाहने परीक्षार्थी भए ग्रेडसिटको प्रतिलिपि,
४) अनुपस्थित भएको भए लेजर र प्रवेशपत्रको प्रतिलिपि

## ११) माध्यमिक शिक्षा परीक्षा (एक्जाम्टेड समूह) २०७३ को पूरकग्रेडवृद्धिपरीक्षाको नतिजा

माध्यमिक शिक्षा परीक्षा २०७३ को पूरकग्रेडवृद्धिपरीक्षाको नतिजा २०७४ असोज १० गतेका दिन प्रकाशित भयो । अनिवार्य र ऐच्छिक गरी जम्मा २२ विषयमा २ लाख १३ हजार ९५८ परीक्षार्थीले पूरकग्रेडवृद्धिपरीक्षा दिएकोमा १ लाख ४७ हजार ६५० (६९) परीक्षार्थीको नतिजा परिवर्तन भएको छ ।

परीक्षामा सम्मिलित परीक्षार्थीको तथ्याङ्क हेर्दा सबैभन्दा बढी परीक्षार्थी अनिवार्य विषहरूमा परीक्षा दिएको देखिन्छ । सबैभन्दा धेरै परीक्षार्थीहरू क्रमशः अनिवार्य गणित (१९.१४%), अनिवार्य विज्ञान (१८.२१%), अनिवार्य अङ्ग्रेजी (१५.९७%), अनिवार्य सामाजिक शिक्षा (१५.११%), र अनिवार्य नेपाली (११.११%) परीक्षा दिएको तथ्याङ्कले देखाउँछ ।

## १२) परीक्षा नियन्त्रण कार्यालयको सूचना

**क) नाम, थर र जन्म मितिको अभिलेख संशोधनका लागि आवश्यक कागजातहरु**

१. विद्यार्थीको निवेदन,
२. सक्कल प्रवेश पत्र वा रजिष्ट्रेशन स्लिप,
३. विद्यालय र जिल्ला शिक्षा कार्यालयको सिफारिस,
४. सच्याउन खोजे अनुसार मिलेको एसएलसी वा माध्यमिक शिक्षा परीक्षा (कक्षा - १०) को चारित्रिक प्रमाणपत्र,
५. नागरिकताको प्रमाणपत्र,
६. कक्षा ८ वा एसएलसी/एसईई भन्दा माथिको शैक्षिक प्रमाणपत्र,
७. निवेदनसाथ नाम, थर र जन्ममिति सच्याउन राजस्व वापत रू २००।- तिरेको रसिद र नाम, थर र जन्म मिति सच्याई सकेपछि सच्चिएको लब्धाङ्कपत्र र प्रमाणपत्र लिनका लागि रू. १०००।- राजस्व तिरेको रसिद,
८. पहिले प्राप्त गरेको सक्कल लब्धाङ्कपत्र र प्रमाणपत्र,
९. जन्मदर्ता र नागरिकताको आधारमा जन्ममिति संशोधन हुँदैन । सक्कल प्रवेशपत्र अनुसार लब्धाङ्कपत्र र प्रमाणपत्रमा नमिलेको भएमा मात्र संशोधन गर्न सकिन्छ ।

**ख) दुई वा सो भन्दा बढी प्रमाणपत्रमा नाम, थर र जन्ममिति फरक भएमा अभिलेख सच्याउन आवश्यक पर्ने कागजातहरुः**

१. विद्यालयको सिफारिस,
२. जिल्ला शिक्षा कार्यालयको सिफारिस,
३. जन्ममिति खुलेको एसएलसी वा माध्यमिक शिक्षा परीक्षाको चारित्रिक प्रमाणपत्र,
४. नागरिकताको प्रमाणपत्र,
५. सबै लब्धाङ्कपत्र वा ग्रेडसिट र प्रमाणपत्रको सक्कल ।

सल्लाहकार : नियन्त्रक अम्बिकाप्रसाद रेग्मी
सम्पादन समूह : विष्णुप्रसाद मिश्र, रामराज खकुरेल, जगन्नाथ उपाध्याय, अर्जुन खनाल, हेमराज खतिवडा

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर
फोन नं.:-०१-६६३०७३५/६६३०८१५/६६३००७०, फ्याक्सः ०१-६६३११४६
Email: info@soce.gov.np , Website: www.soce.gov.np